अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ५ प्रमाणीकरण मितिः२०८३।०३।०३ प्रकाशन मितिः२०८३।०३।०४

## भाग - १

## साना सवारी साधन (व्यवस्थापन तथा संचालन कार्यविधी) व्यवस्थापन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना:** नागरिकलाई सरल एंव सुलभ यातायात सेवा उपलब्ध गराउन, यातायात क्षेत्रलाई सक्षम, सुदृढ तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पिडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बिमा व्यवस्थाप गर्न तथा सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२को उपदफा (१) बमोजिम भजनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

परिच्छेद - १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम " भजनी नगरपालिकाको साना सवारी साधन (व्यवस्थापन तथा संचालन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) “अधिकार प्राप्त अधिकारी” भन्नाले प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले भजनी नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ग) “चालक” भन्नाले सवारी चालक अनुमतीपत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्छ।

(घ) “दर्ता ईकाई” भन्नाले शहरी पूर्वाधार बिकास शाखा वा सवारी साधन दर्ता गर्नको लागि तोकीएको ईकाइलाई सम्झनु पर्छ।

(ङ) “नगर प्रहरी” भन्नाले भजनी नगर कार्यपालिकाबाट नियुक्ति पाएका नगर प्रहरीलाई सम्झनु पर्छ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । सो शब्दले प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न तोकिएको व्यक्तिलाई समेत सम्झनु पर्छ ।

(छ) “प्राविधिक कर्मचारी” भन्नाले मेकानिकल ईन्जिनियर वा सो सँग सम्बन्धित कर्मचारी सम्झनु पर्छ ।

(ज ) “सवारी चलाउने ईलाका” भन्नाले भजनी नगरपालिका क्षेत्र भित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनु पर्छ ।

(झ ) “सवारी धनि” भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा उल्लेखित व्यक्ति, फर्म वा संस्था सम्झनु पर्छ ।

(ञ) “साना सवारी साधन” भन्नाले तीन पाङ्ग्रे, टेम्पो, अटोरिक्सा र ईलेक्ट्रिक रिक्सा सम्झनु पर्छ ।

(ट) “सुरक्षाकर्मी” भन्नाले नेपाल प्रहरी, ट्राफिक प्रहरी सम्झनुपर्छ | सो शब्दले नगर प्रहरीलाई समेत सम्झनु पर्छ ।

## परिच्छेद - २
## सवारी संचालन अनुमति र दर्ता सम्बन्धी व्यवस्था

३. संचालन अनुमति लिनुपर्नेः (१) भजनी नगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनले प्रचलित कानुन बमोजिम दर्ता गर्नुपर्ने निकायमा दर्ता गरि भजनी नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

४. सवारी साधन दर्ताको लागि दरखास्त दिनुपर्ने: (१) भजनी नगरपालिकामा साना सवारी साधन दर्ता गर्न सम्बन्धित व्यक्ति वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त दिँदा देहायका विवरण तथा कागजात समेत संग्लन गरेको हुनुपर्नेछः

(क) सवारी धनी व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि, फर्म, कम्पनी वा संस्थाको हकमा दर्ता प्रमाणपत्र ।

(ख) सवारी साधन खरिद गरेको निस्सा वा रसिद वा प्रज्ञापनपत्रको प्रतिलिपी वा ब्ल्यू बुक ।

(ग) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।

(घ) तेस्रो पक्ष र यात्रु बिमा गरेको प्रमाण ।

(ङ) प्रचलित कानून बमोजिम अन्य निकायमा दर्ता भइ इजाजत प्राप्त गरेको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

(च) वातावरण प्रदुषण सम्बन्धी जाँच गराएको भए सोको प्रमाणीत प्रतिलिपी ।

(छ) कार्यालयले तोकेको अन्य विवरण तथा कागजातहरु ।

(३) उपदफा (१) बमोजिम दरखास्त परेमा प्राविधिक कर्मचारीबाट आवश्यक जाँचबुझ गरी गराई तोकिए बमोजिमको दर्ता शुल्क लिई अनुसूची-३ को ढांचामा सवारी साधन दर्ताको प्रमाण पत्र दिनुपर्नेछ ।

(४) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षकको नाम समेत उल्लेख गरी सवारी दर्ता प्रमाण पत्रमा हस्ताक्षर गराउनु पर्नेछ|

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्नका लागि थप जाँचबुझ गर्न आवश्यक महसुस भइ प्रमुख प्रशासकिय अधिकृतलाई भइ आएमा निवेदन माथी थप जाँचबुझ गर्न महसुस गरेमा देहायको समिति बनाई आवश्यक जाँचबुझ गराउन सक्नेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत - संयोजक
(ख) प्राविधिक कर्मचारी - सदस्य
(ग) शहरी पुर्वाधार बिकास शाखा प्रमुख - सदस्य सचिव

(६) उपदफा (५) बमोजिमको समितिबाट दर्ता गर्न सिफारिस भई आएमा प्रमुख प्रशासकिय अधिकृतले उक्त सवारी साधन दर्ताको लागि आदेश दिन सक्नेछ ।

(७) सवारी साधनको अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी लगत कायम गर्नुपर्नेछ ।

(८) सवारी साधन दर्ताका लागि निबेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा ४ को उपदफा (२) बमोजिम तोकिएको मापदण्ड पुअरा नभएमा दर्ता गर्न इन्कार गर्न सक्नेछ, त्यसरी इन्कार गरेमा सोको कारण खुलाई निवेदकलाई सुचना दिनु पर्नेछ ।

५. <u>सवारी साधन नम्बर दिनुपर्नेः</u> दर्ता इकाईले दफा ४ बमोजिम दर्ता भएका सवारी साधनको दर्ता नम्बर दिंदा कालो प्लेटमा तीन अंकको भ.न.पा. ०१ सा.००१, ००२, ००३, ........... देखि ९९९ सम्म हुनेछ र त्यस पश्चात दर्ता नम्बर भ.न.पा.०२ सा. कायम गरी ००१, ००२, ००३, ............ हुनेछ ।

६. **<u>सवारी साधन नवीकरण गर्नुपर्नेः</u>** (१) दफा ४ बमोजिम दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको मितिले तीन महिना वार्षिक रुपमा नवीकरण दस्तुर तिरी नबिकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनिबाट नबिकरण दस्तुरको अरिरिक्त सो म्याद नाघेको एक आर्थिक बर्ष सम्म एक सय प्रतिशत, दुई आर्थिक बर्ष सम्म दुई सय प्रतिशत, तीन आर्थिक बर्ष सम्म तीन सय प्रतिशत, चार आर्थिक बर्ष सम्म चार सय प्रतिशत र पांच आर्थिक बर्ष सम्म पांच सय प्रतिशत बिलम्ब दस्तुर बुझाएको प्रमाण लिई नविकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता सवारी धनीले आफ्नो सवारीको सवारी दर्ता प्रमाण पत्र पांच बर्षका लागि एकै पटक नबिकरण गराउन चाहेमा पांच बर्ष सम्मको लागि लाग्ने नबिकरण दस्तुर संलग्न राखी सवारी दर्ता प्रमाणपेश गरेमा अधिकार प्राप्त अधिकारीले पांच बर्ष सम्मको लागि एकै पटक नबिकरण गर्न सक्नेछ |

(४) दर्ता, नविकरण तथा बिलम्ब शुल्क आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

७. **<u>सवारी दर्ता प्रमाणपत्र स्वत: रद्ध हुने:</u>** (१) दफा ६को उपदफा (२) बमोजिम निर्धारित अवधिसम्म पनि नबिकरण नगराएमा स्वत: रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ ।

८. **पुन: दर्ता हुन सक्ने:** दफा ६को उपदफा (२) बमोजिम लिन बाँकी नबिकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति बर्ष पछि दर्ताको लागि ल्याएको हो त्यति बर्षको लागि दफा ६को उपदफा (२) बमोजिमको थप दस्तुरको दोब्बर जरिबाना लिई दफा ४ बमोजिम सवारी दर्ता गरी प्रमाण पत्र दिनुपर्नेछ ।

९. **सुचना गर्नुपर्ने:** (१) यो ऐन प्रारम्भ भएको ३ (तीन) महिना भित्र एक पटकको लागि रुट अनुमति पत्र वा दर्ता नवीकरणको लागि ३५ (पैतीस) दिने सुचना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुचना मार्फत दर्ता, नविकरण वा रुट अनुमतिको लागि निवेदन दर्ता हुन आएमा दर्ता तथा नविकरण शुल्क बापत हुन आएको रकमको १०(दश) प्रतिशत शुल्क छुट गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिमको सुविधा दफा १८ बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिलाई समेत लागु हुनेछ ।

(४) उपदफा (२) बमोजिमको छुट सम्बन्धी व्यवस्था सुचनामा उल्लेख भएको हुनुपर्नेछ ।

१०. **नामसारी सम्बन्धी प्रकृयाः** (१) एक वा एकभन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको सवारी साधन अर्को व्यक्तिको नाममा नामसारी गर्नु परेमा विक्रीनामा कागज सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित दर्ता एकाइले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी तोकिएको दस्तुर लिई नामसारी तथा दर्ता खारेजी सम्बन्धी अभिलेख कायम गरी सोको प्रमाण सम्बन्धित सवारी धनीलाई दिनु पर्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएको सवारी धनीले आफ्नो सवारी अरु कसैलाई दान, बकस दिई वा बिक्रि गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैंतीस दिन भित्र नामसारीको लागि सवारी दर्ता प्रमाण पत्र र कर तिरेको प्रमाण बुझाइ तोकिए बमोजिम निबेदन दिनुपर्नेछ ।

(४) सवारी धनीको मृत्यु भएमा नजिकको हकवालाले मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रामाणित, सवारी दर्ता प्रमाण पत्र, कर तिरेको प्रमाण र स्थानीय तहको सिफारिस बुझाइ सवारी नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निबेदन दिनुपर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम नामसारीको लागी निबेदन परेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाण पत्रमा बेहोरा जनाई हकवाला एक जना भए एक जनाको, एक जना भन्दा बढी भए संयुक्त रुपमा दर्ता गरी नामसारी गर्नुपर्नेछ ।

(६) सवारी नामसारी गर्दा अधिकार प्राप्त अधिकारीले हकबेहक सम्बन्धी मुद्दा परेको जानकारी पाएमा मुद्दाको अन्तिम किनारा नभए सम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुदैन ।

(७) यस दफा बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भइ नामासारी भएको बेहोरा अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद- ४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

११. **सवारी साधन संचालन तथा व्यवस्थापन समितिः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन हुने साना सवारी साधनहरुको संचालन, व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमको संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्ये कार्यपालिकाले तोकेको एक जना महिला सहित २ जना - सदस्य

(घ) ईलाका प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि - सदस्य

(ङ) ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि - सदस्य

(च) संयोजकले तोकेको नगर स्तरिय यातायात सम्बन्धी आधिकारिक ट्रेड युनियनको प्रतिनिधि १ जना - सदस्य

(छ) प्रशासन शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(छ) मेकानिकल ईन्जिनियर - सदस्य

(ज) नगर प्रहरी प्रमुख - सदस्य

(झ) शहरी पुर्वाधार बिकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा(१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

१२. <u>संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u> (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने।

(ख) भाडादर निर्धारण गरी कार्यपालिकालाई सिफारिस गर्ने र निर्धारित भाडादर लागु गर्ने गराउने ।

(ग) प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने गराउने।

(घ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएमा सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने

(ङ) नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्सा जन्य साना सवारी साधनको संख्या थपघट गर्न नगर कार्यपालिकालाई सिफारीस गर्ने।

(च) नगर क्षेत्रमा संचालित सवारी साधनमा कलर कोड तोक्ने।

(छ) सम्वद्ध स्वरोजगार चालक तथा साना सवारी धनीहरुसँग समन्वय गर्ने।

(ज) कार्यपालिकाले तोकेको अन्य कामहरु गर्ने।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्ने सक्नेछ र बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

१३. <u>सवारी धनी तथा संचालकले पालन गर्नुपर्ने शर्तहरुः</u> सवारी धनी तथा सवारी चालकले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्ने छः

(१) सवारी धनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्ने छ।

(२) प्रचलित कानुन बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्ने छ।

(३) निषेधीत क्षेत्रमा सवारी सञ्चालन गर्न पाईने छैन।

(४) दर्ता नभएका, नविकरण नभएका वा संचालन अनुमति नलिएका सवारी साधन संचालन गर्न पाईने छैन।

(५) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचयपत्र उपलब्ध गराउनु पर्नेछ, उक्त परिचय पत्र सवारी चालकले अनिवार्य रुपमा लगाउनु पर्ने छ।

(६) मादक पदार्थ वा लागु पदार्थ सेवन गरि सवारी साधन संचालन गर्न पाईने छैन।

(७) यात्रुसँग मर्यादित र सभ्य व्यवहार गर्नुपर्ने छ।

परिच्छेद- ५

<u>रुट खारेजी तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था</u>

१४. **<u>रुट खारेजी गर्न सक्नेः</u>** (१)सवारी साधन संचालन योग्य छैन भनी दफा ११बमोजिमको समितिबाट सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस भई आएमा कार्यपलिकाले उक्त सवारी साधनको दर्ता र रुट खारेजी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दर्ता तथा रुट खारेजी भएमा सोको जानकारी सम्बन्धीत सवारी धनीलाई दिई सवारी संचालनमा पुर्ण रोक लगाउनु पर्नेछ ।

१५. **<u>दण्ड जरिवाना गर्न सक्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता नगरी सवारी संचालन गराएमा वा रुट अनुमति विना सवारी चलाएमा वा चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाइएको पाईएमा वा तोकीएको भाडादर भन्दा बढी लिएको पाईएमा वा निषेधित क्षेत्रमा संचालन गरेमा वा प्रचलित कानुनको विपरित कार्य गरेको पाईएमा नगरपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्य ३(तीन) पटक भन्दा बढी दोहोर्याएमा बढिमा १(एक) महिनासम्मको लागि रुट अनुमति निलम्बन गर्न सक्ने र सो पश्चात पनि पुनः दोहोर्याईएमा उक्त सवारी साधनको दर्ता र रुट खारेजी गर्न सक्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्ने र बढिमा १ महिनासम्मको लागि रुट अनुमति निलम्बन गर्न सक्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुने छ ।

परिच्छेद - ६

विविध

१६. **<u>पार्किङ्ग स्थल</u>ः** (१) नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग स्थल रहनेछ ।

(२) पार्किङ्ग स्थल निर्माणको दायित्व नगरपालिकालाई हुनेछ ।

१७. **<u>साना सवारी साधनको संख्या निर्धारणः</u>** (१) नगर क्षेत्र भित्र संचालन हुने साना सवारी साधनको संख्या दफा (११) बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) समितिले उपदफा (१) को लागि सिफारिस गर्दा यात्रुको चाँप र सुविधा, ट्राफिक व्यवस्थापन, दुर्घटना न्युनिकरण, बजार व्यवस्थापनको अवस्था, सडक सञ्जाल जस्ता पक्षहरुलाई ध्यान दिनुपर्ने छ ।

१८. **<u>जोर विजोर प्रणाली लागु गर्न सक्नेः</u>** ट्राफिक व्यवस्थापन, दुर्घटना न्युनिकरण, बजार व्यवस्थापनको अवस्था, सडक सञ्जालको अवस्था अनुसार दफा ९ बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाले जोर विजोर प्रणाली लागु गर्न सक्ने छ ।

१९. **<u>प्रतिलिपि दिन सक्नेः</u>** (१)रुट अनुमति वा दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनु पर्ने अवस्था भएमा दर्ता एकाईले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनले तोकेको प्रतिलिपि दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा यस दफा बमोजिमको दस्तुर लाग्ने छैन ।

२०. <u>महिलालाई विशेष छुट हुनेः</u> भजनी नगरपालिका भित्र स्थायी बसोबास गर्ने महिलाको नाममा सवारी साधन दर्ता गर्न आएमा दर्ता र नविकरण शुल्कमा २५ % (पचिस प्रतिशत) छुटको व्यवस्था गर्नुपर्नेछ ।

२१. <u>नियम बनाउन सक्नेः</u> यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि र माण्दण्ड बनाउन सक्नेछ ।

२२. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

२३. <u>बचाउः</u> (१) यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

सवारी दर्ताका लागि दिने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू    मिति ..................

भजनी नगरपालिका, भजनी, कैलाली

विषयः- सवारी साधन दर्ता गरी पाउँ ।

प्रस्तुत विषय सम्बन्धमा मेरो स्वामित्वमा रहेको ..................................... सवारी साधन तहाँ कार्यालयको नियमानुसार दर्ताका लागि तपसिलका कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न कागजातहरु

१. ....................

२ ...................

निवेदक

नाम थरः ..............................

सवारी चालक न./ ना. प्र. न.

ठेगानाः भजनी नगरपालिका,

वडा..........., ..............।

सम्पर्क नं. ..........................

मिति ..................

अनुसूची - २
(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)
भजनी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
भजनी, कैलाली

**सवारी दर्ता अभिलेख ढाँचा**

सवारीको किसिमः अटो रिक्सा/ ई रिक्सा..........................

| क्र.स. | मिति | सवारी धनीको नाम | दर्ता नं | मोडेल | ईन्धनको किसिम | इन्जिन नं. | अभिलेख राख्नेको हस्ताक्षर | प्रमाणीत गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची - ३
(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)
भजनी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
भजनी, कैलाली

**सवारी दर्ता प्रमाणपत्र**

सवारी दर्ता नं. : दर्ता मितिः
सवारी धनीको नामः ठेगानाः
सवारी साधनको किसिमः सवारी बनाउने कम्पनीको नामः
सवारीको मोडेलः सवारी हर्ष पावरः
सवारीको चेसिस नं.: सवारीको रंगः
सवारीको प्रयोगः निजी/भाडा सवारी चालक सहित क्षमताः

....................
अधिकृतको दस्तखत

**नविकरण**

| आ.व. | नवीकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नवीकरण दस्तुर | भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको नाम, थर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*आज्ञाले,*
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत